## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय पर्सा, चितवनका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८३/०३/११ गते बिहिबारको चितवन पोष्ट दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नु पर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गराइन सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा ऋणीको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय पर्सा, चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/२१ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय पर्सा, चितवनमा दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिकबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/१७ मा दर्ता नं. २६६३८१/०७८/०७९ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, चितवनबाट मिति २०७८/०४/२० मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६१००४०५११ को प्रमाणपत्र प्राप्त **पपुलर राईस मिल प्रा.लि.** ।
ठेगाना : जिल्ला चितवन, खैरहनी न.पा. वडा नं. ८ ।

**सञ्चालक तथा जमानतकर्ता :**
**चुडा बहादुर कार्की**
(ना.प्र.नं. २२९०/०४५/४६, जारी मिति २०४६।०१।२९, प्रतिलिपि जारी मिति २०७६-०४-०७, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) । ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ८ (साविक खैरहनी गा.वि.स. वडा नं. ६) ।
बाबु : डम्बर बहादुर कार्की ।
बाजे : रङ्ग ध्वज कार्की ।

**जमानतकर्ता : भगवान प्रसाद पराजुली** (ना.प्र.नं. १७०२।०४५।४६, जारी मिति २०४६।०२।२७, प्रतिलिपि जारी मिति २०६३/०९/१८, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) ।
ठेगाना : जिल्ला चितवन खैरहनी न.पा. वडा नं. ३ (साविक चैनपुर गा.वि.स. वडा नं. ४) ।
बाबु : केदार प्रसाद पराजुली ।
बाजे : शिव प्रसाद पराजुली ।

**जमानतकर्ता : रचना कुँवर** (ना.प्र.नं. ३८४४५, जारी मिति २०५३।०३।१६, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) । ठेगाना : जिल्ला नवलपरासी परासी गा.वि.स. वडा नं. ६ । हालको ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ८ ।
बाबु : प्रकाश बहादुर कुँवर ।
पति : चुडा बहादुर कार्की ।
ससुरा : डम्बर बहादुर कार्की ।

**ख. धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

१. चुडा बहादुर कार्कीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क, स्थित कित्ता नं. क्रमसः १७५९, १७९० र ४६५१ क्षेत्रफल क्रमसः ०-०-१२-०, ०-०-८-० र ०-४-१३.७५-० (बिघा) को घर/जग्गा र ऐ.ऐ. वडा नं. ३, नक्सा सिट नं. ३क, स्थित कित्ता नं. १७५४ र १७५६ क्षेत्रफल ०-१-१६-० र ०-०-१०.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............१

२. चुडा बहादुर कार्कीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता श्रेष्ता कायम रहेको सुकरौली गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २क, स्थित कित्ता नं. ९६१ क्षेत्रफल ०-५-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१

३. ऋणी **पपुलर राईस मिल प्रा.लि.** को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय पर्सा, चितवनबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नु पर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय पर्सा, चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x27